
Kalpa

Where we empower...

SHE LEADS ICON

हाम्री रोज्दैछौं, हाम्रा प्रतिनिधि




# सहकार्य आव्हान पत्र

महिला जनप्रतिनिधिहरूको बिचमा समेत सु कर्मलाई लिएर प्रतिस्पर्धि र समन्वयकारी भावनाको विकास भई समाज विकासका महत्वपूर्ण योगदान पुग्ने अपेक्षा राखेका छौं। तसर्थ आउनु होस् , आफ्ना कर्मगाथाले विश्व भरका महिलाहरुमा प्रेरणा र हौसलाको प्रदिप्त ज्योतिलाई प्रज्वलित गरौ । सुख बाढे दोब्बर दु:ख बाढे आधा हुन्छ , तसर्थ तपाईं नेपाली महिला जनप्रतिनिधिहरूको बिगत , वर्तमान र भविष्यको उर्जाशिल कर्मगाथा विश्वसामु प्रस्तुत गरौ र बताउ “ she leads” उनि सक्छिन् ।

**<u>संक्षिप्त जानकारी:</u>**

**कार्यक्रमको नाम :** शी लिड्स आइकन

**लक्ष्य :** नेपाली महिला जनप्रतिनिधीहरूको सुकर्मलाई संचार गर्ने।

**कार्यक्रम सुभारम्भ** :२०८१ साल बैशाख १ गते ।

**नेटवर्किङ तथा प्रशिक्षण कार्यक्रम** :२०८१ साल पुष १७ गते, काठमाडौंमा निर्णायक मण्डल द्वारा छनोट हुनु भएको २७ जना प्रेरणादायी महिला जनप्रतिनिधिहरुका लागी नेटवर्किङ तथा प्रशिक्षण कार्यक्रम तय गरिएको छ । यस कार्यक्रमको उदेश्य सरोकारवालाहरु निकाय संग समन्वय सहकार्य गराउनु हो ।

**कार्यक्रमको समापन अर्थात अवार्ड सेरोमनि**

२०८१ साल पुष १९ गते, काठमाडौंमा सम्मान तथा पुरस्कार कार्यक्रम आयोजना हुदैछ।सम्माननीय प्रधानमन्त्रीको प्रमुख आतिथ्यतामा सम्पन हुन् गई रहेको यो कार्यक्रमलाई महिला जनप्रतिनिधिहरुको उत्सवको रुपमा समेत मनाउने तयारी रहेको जहाँ :

१. स्थानीय तहमा उत्पादन भएका सामग्रीको स्टल प्रर्दशनी।
२. स्थानीय तहको सुचना केन्द्र।
३. तिन हजार भन्दा प्रत्यक्ष उपस्थिति।
४. १४० स्थानीय तहबाट प्राप्त आवेदन मध्येबाट निर्णायक मण्डल द्वारा छनोट हुनु भएको २७ जना प्रेरणादायी महिला जनप्रतिनिधिबाट ३ जनालाई आइकन घोषणा गरिनेछ।

**कार्यक्रमको प्रत्यक्ष प्रसारण :** प्राइम टाइम्स एचडीबाट

**निर्णायक मण्डल :**

१. वरिष्ठ राजनीतिक नेता र पहिलो महिला मुख्यमन्त्री अष्टलक्ष्मी शाक्य
२. मिडिया ९ की सम्पादक चारु चड्ढा
३. लैङ्गिक तथा विकास विशेषज्ञ शारु जोशी श्रेष्ठ

**कार्यक्रमको समन्वयः**

१. सम्बन्धित सरकारका निकाय
२. संघ-संस्था र प्राविधिक समूह
३. प्रायोजक र साझेदार संस्थाहरू

**पृष्ठभूमि :**

वास्तवमा, मानिस कर्म गर्न बनेको सृष्टिको सबै भन्दा उत्तम साधन हो । त्यसैले मानिसले आफ्ना कर्म र त्यो कर्म गर्दा उसले भोगेका चुनौतिका ठिहिहरु , खेपेका पीर व्यथाहरु र नाघी आएका संघर्षका शैलहरु हुदै सफलताको चुचुरोमा बसेर आफ्नो पहिचानको अमिट छाप चित्र कोर्दछ ।अझ नेपाली महिलाहरुको सन्दर्भमा,नेपाली समाजमा महिला भएर जन्मदा साथ , लैङ्गिकताको आधारमा खडा गरिएका विभेदकारी पर्खालको सामना गर्नु पर्छ । जन्मदै विभेदको सिकार हुदै आधुनिक मानव समाजको मान्यता अनुसार पाउनु पर्ने सामान्य मानवीय अधिकारबाट समेत बन्चित हुनुपर्ने कहालिलाग्दो दुर्दशाको भुमरीमा नेपाली महिलाहरुको जीवनपथको सुरुवात हुन्छ । पृतिसत्तात्मक सोचको अदृश्य नेलकडिमा जकडिएर , रूढिवादी सांस्कृतिक मान्यताका विषाक्त काँडाहरुमा टेक्दै अनि हृदयको अन्तर्यमा निहित ममता र करूणालाई आँधिबेहरीमा दियो जोगाए झै जोगाउदै नेपाली महिलाहरुले बिताउदै आएको जिन्दगी कुनै रण बिजयी पात्रको कथा भन्दा कम हुदैन । त्यसमा पनि सामाजिक व्यवस्थालाई नेतृत्व गर्ने राजनैतिक जस्तो बिहंगम् क्षेत्रमा आइपुगेका र राजनैतिक जिम्मेवारीमा रही आफैले नेतृत्वदायी भुमिका निर्वाह गरी रहनु भएका नेपाली महिलाहरुको जिवनगाथा भन्दा प्रेरणादायी कृती संसारमा अर्को हुन सक्दैन होला । आजको विश्व समाजमा, नेपाली महिलाहरुले भोग्दै आएका तमाम विभेदहरु , दमनहरु , अपहेलनाहरु र अमानवियता समेतलाई सामना गर्दै खास गरी राजनैतिक क्षेत्रमा नेतृत्वदायी भुमिकामा पुग्न नेपाली महिलाहरुले उठाउनुभएको जिम्मेवारीको पर्वत अनि प्रर्दशन गर्नुभएको वीरता र सहासको अदम्यता विश्वभरका महिलाहरुको निम्ति प्रेरणा र उर्जाको विपुल संग्रह हो र हो - निराशामा आशा जगाउने पर्मिथस् को फिलिङ्गो।

यसै तथ्यलाई आत्मसाथ गरी महिला हक अधिकारको संरक्षण तथा सशक्तिकरणको अभियानमा अनवरत हामी कल्प इम्पावर वेमेन नेपालले नेपाली महिला जनप्रतिनिधी हरूको कर्मगाथालाई विश्व सामु पुर्याउने जमर्को गरेका छौ । जसका लागि नेपाली महिला जनप्रतिनिधी हरूको सहभागितामा वहाँहरुको जीवन भोगाइ, जनप्रतिनिधी भए पश्चात गर्नु भएका सुकृत्यहरु अनि अहिलेपनि भोगी रहनु भएका समस्या र चुनौतीहरु लाई समावेश गरी प्रेरणादायी वृत्तचित्र सहित 'राजनितिमा महिला ' बिषयक राष्ट्रिय बहसको थालनी गरिने छ । सुचना र प्रविधिको युगानुसार वहाँहरुको कर्मलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा व्यापक प्रचार गर्दै आम जनताको बिचार ,भावना र अभिमत लाई समेटेर वहाँहरू लाई थप उर्जा र हौसला प्रदान गरिने छ । जसबाट महिला जनप्रतिनिधी हरूको बिचमा समेत सु कर्मलाई लिएर प्रतिस्पर्धि र समन्वयकारी भावनाको विकास भई समाज विकासका महत्वपूर्ण योगदान पुग्ने अपेक्षा राखेका छौं। तसर्थ आउनु होस् , आफ्ना कर्मगाथाले विश्व भरका महिलाहरुमा प्रेरणा र हौसलाको प्रदिप्त ज्योतिलाई प्रज्वलित गरौं। सुखबाढे दोब्बर दुःख बाढे आधा हुन्छ , तसर्थ तपाईं नेपाली महिला जनप्रतिनिधी हरूको बिगत , वर्तमान र भविष्यको उर्जाशिल कर्मगाथा विश्वसामु प्रस्तुत गरौ र बताउ " she lead" उनि सक्छिन्।

**परिचय :**

'शी लिड्स आइकन' (SHE LEADS ICON ) कल्प इम्पावर वेमेन  नेपालको राजनीतिमा महिला परियोजना अन्तर्गत रहेको कार्यक्रम हो । नेपालका स्थानीय तहमा निर्वाचित महिला जनप्रतिनिधी मध्येबाट "महिला स्वास्थ्य ,महिला उद्यमशिलता,नीति र न्याय ,सशक्तिकरण र जवाफदेहित"क्षेत्रमा  प्रेरणादायी र उत्कृष्ट कार्य सम्पादनको नेतृत्व गर्ने ३ जना महिला जनप्रतिनिधीलाई सम्मान गर्दै महिला जनप्रतिनिधिको सुकर्मलाई विश्व सामु पुर्याउने कार्यक्रम हो ,शी लिड्स आइकन।

**शी लिड्स आइकन :**

"महिला स्वास्थ्य ,महिला उद्यमशिलता,नीति र न्याय ,सशक्तिकरण र जवाफदेहित"क्षेत्रमा प्रेरणादायी र उत्कृष्ट कार्य सम्पादनको नेतृत्व गर्ने ३ जना महिला जनप्रतिनिधीलाई सम्मान गर्दै महिला जनप्रतिनिधिको सुकर्मलाई संचार गर्ने उदेश्यले सुरु भएको कार्यक्रममा विभिन्न स्थनीय तहका १४० जना महिला जनप्रतिनिधिको सहभागीता रहेको छ। जस्म मध्ये २७ जना महिला जनप्रतिनिधिलाई जनमतका लागी छनोट गरिएको छ ।

कोशी प्रदेशबाट २४, मधेश प्रदेशबाट १४, बागमती प्रदेशबाट १२, गण्डकी प्रदेशबाट ११,लुम्बिनी प्रदेशबाट ३६, कर्णाली प्रदेशबाट १६ र सुदूरपश्चिमबाट १५ जना महिला जनप्रतिनिधिहरुको आवेदन प्राप्त भएको थियो ।

राजनीतिक क्षेत्रबाट अष्टलक्ष्मी शाक्य, सामाजिक क्षेत्रबाट सरु जोशी र मिडिया क्षेत्रबाट चारु चडड़ाको निर्णायक मण्डलले कोशी प्रदेशबाट ४, मधेश प्रदेशबाट २ , बागमती प्रदेशबाट ४ , गण्डकी प्रदेशबाट ३ ,लुम्बिनी प्रदेशबाट ७ , कर्णाली प्रदेशबाट ४  र सुदूरपश्चिमबाट ४  जना महिला जनप्रतिनिधिहरु जनमतका लागी छनोट गर्नु भएको छ ।

साथै, शी लिड्स आइकनका प्रेरणादायी सु-कर्मलाई विश्व माझ चिनाउँन र स्थानीय तहमा "महिला स्वास्थ्य ,महिला उद्यमशिलता,नीति र न्याय ,सशक्तिकरण र जवाफदेहित"क्षेत्रमा अनुभव आदानप्रदान गर्दै राजनीतिको सहि कोर्ष बुझाउनका लागी नेपालका विभिन्न स्थानीय तहबाट १०० जना युवालाई शी लिड्स फेलोको रुपमा छनोट गरिएको छ ।

**१. कार्यक्रमको समयावधि**

मिति २०८१/०१/०१ -२०८१/०९/२० गते सम्म यो कार्यक्रमको समय अवधि रहनेछ।

**२. कार्यक्रमको समापन अर्थात अवार्ड सेरोमनि :**

२०८१ साल पुष १९ गते, काठमाडौंमा सम्मान तथा पुरस्कार कार्यक्रम आयोजना हुदैछ।सम्माननीय प्रधानमन्त्रीको प्रमुख आतिथ्यतामा सम्पन हुन् गई रहेको यो कार्यक्रमलाई महिला जनप्रतिनिधिहरुको उत्सवको रुपमा समेत मनाउने तयारी रहेको जहाँ :

१. स्थानीय तहमा उत्पादन भएका सामग्रीको स्टल प्रर्दशनी।
२. स्थानीय तहको सुचना केन्द्र।
३. तिन हजार भन्दा प्रत्यक्ष उपस्थिति।
४. १४० स्थानीय तहबाट प्राप्त आवेदन मध्येबाट निर्णायक मण्डल द्वारा छनोट हुनु भएको २७ जना प्रेरणादायी महिला जनप्रतिनिधिबाट ३ जनालाई आइकन घोषणा गरिनेछ।

**३. पुरस्कार तथा सम्मान समारोहका प्रमुख अतिथि**

सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली

**४. कार्यक्रमको लक्ष्य**

नेपाली महिला जनप्रतिनिधीहरूको सुकर्मलाई संचार गर्ने ।

**५. निर्णायक मण्डल**

निर्णायक मण्डलमा वरिष्ठ राजनीतिक नेता र पहिलो महिला मुख्यमन्त्री अष्टलक्ष्मी शाक्य, मिडिया ९ की सम्पादक चारु चड्डा, र लैङ्गिक तथा विकास विशेषज्ञ शारु जोशी श्रेष्ठ जस्ता विशिष्ट व्यक्तित्वहरू समावेश हुनुहुन्छ।

**६. उत्कृष्ट २७ महिला जनप्रतिनिधिहरु**

| नाम | पद | स्थानीय तह | जिल्ला | प्रदेश |
|---|---|---|---|---|
| विमला कुमारी शाही | उपाध्यक्ष | तुर्माखाँद गाउँपालिका | अछाम | सुदूरपश्चिम प्रदेश |
| सीता थापा | उपाध्यक्ष | गौमुल गाउँपालिका | बाजुरा | सुदूरपश्चिम प्रदेश |
| धाना धामी | उपाध्यक्ष | सिगास गाउँपालिका | बैतडी | सुदूरपश्चिम प्रदेश |
| सरस्वती दर्लामी चिदी | अध्यक्ष | बगनासकाली गाउँपालिका | पाल्पा | लुम्बिनी प्रदेश |
| विमला अर्याल | प्रमुख | सुनवल नगरपालिका | नवलपरासी | लुम्बिनी प्रदेश |
| भुपेन्द्रा बुढा | उपाध्यक्ष | पुथा उत्तरगङ्गा गाउँपालिका | रुकुम पूर्व | लुम्बिनी प्रदेश |
| सीता गिरी | उपाध्यक्ष | धुर्कोट गाउँपालिका | गुल्मी | लुम्बिनी प्रदेश |
| सरिता खड्का | उपाध्यक्ष | मदाने गाउँपालिका | गुल्मी | लुम्बिनी प्रदेश |
| सावित्रा देवी अर्याल | उपप्रमुख | बुटवल उप-महानगरपालिका | रुपन्देही | लुम्बिनी प्रदेश |
| गीता आचार्य | उपप्रमुख | रोल्पा नगरपालिका | रोल्पा | लुम्बिनी प्रदेश |
| ममता महतो | उपाध्यक्ष | पटेर्वा सुगौली गाउँपालिका | पर्सा | मधेश प्रदेश |
| फुल कुमारी सिंह | उपाध्यक्ष | बटेश्वर गाउँपालिका | धनुषा | मधेश प्रदेश |
| सविता अर्याल | उपाध्यक्ष | सिद्धलेक गाउँपालिका | धादिङ | बागमती प्रदेश |
| बाल कुमारी कार्की थापा | उपप्रमुख | रामेछाप नगरपालिका | रामेछाप | बागमती प्रदेश |
| तारा राना तिमल्सिना | उपाध्यक्ष | बेथानचोक गाउँपालिका | काभ्रेपलाञ्चोक | बागमती प्रदेश |

| | | | | |
|---|---|---|---|---|
| विमला सापकोटा (दाहाल) | उपप्रमुख | बनेपा नगरपालिका | काभ्रेपलाञ्चोक | बागमती प्रदेश |
| गण्डकी थापा अधिकारी | अध्यक्ष | बडिगाड गाउँपालिका | बागलुङ | गण्डकी प्रदेश |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | अन्नपूर्ण गाउँपालिका | कास्की | गण्डकी प्रदेश |
| रीता देवकोटा | उपाध्यक्ष | सिरानचोक गाउँपालिका | गोरखा | गण्डकी प्रदेश |
| गीता देवी तिम्सिना गौतम | उपाध्यक्ष | मेन्छयायेम गाउँपालिका | तेह्रथुम | कोशी प्रदेश |
| मीना कुमारी खतिवडा पौडेल | उपप्रमुख | उर्लाबारी नगरपालिका | मोरंग | कोशी प्रदेश |
| आशा शिवाकोटी | उपप्रमुख | कनकाई नगरपालिका | झापा | कोशी प्रदेश |
| रेगीना भट्टराई प्रसाई | उपप्रमुख | दमक नगरपालिका | झापा | कोशी प्रदेश |
| अल्किना बम | उपाध्यक्ष | पचालझरना गाउँपालिका | कालिकोट | कर्णाली प्रदेश |
| सनसिल्ता वली (डिसी) | उपाध्यक्ष | कालिमाटी गाउँपालिका | सल्यान | कर्णाली प्रदेश |
| तप्सा थापा | उपप्रमुख | नारायण नगरपालिका | दैलेख | कर्णाली प्रदेश |
| मञ्जु कुमारी शर्मा (पाण्डे) | उपाध्यक्ष | महाबु गाउँपालिका | दैलेख | कर्णाली प्रदेश |

उहाँहरुको बारेमा बुझ्नका लागी : https://sheleadsicon.org/

## ७. कार्यक्रमको उद्देश्यहरू

यस कार्यक्रमको मुख्य उद्देश्यहरु निम्नानुसारको हुनेछन्।

क) नेपाली महिला जनप्रतिनिधी हरूको प्रेरणादायी जीवनी मार्फत समग्र महिला अधिकारको आन्दोलनमा महत्त्वपूर्ण योगदान पुर्याउने।

ख) राजनैतिक क्षेत्रबाट टाढा रहनु भएका वा सुरुवाती अवस्थामा रहनु भएका महिलाहरुलाई हौसला तथा उर्जा प्रदान गर्ने ।

ग) राजनैतिक क्षेत्रमा पछाडि पारिएका महिलाहरुमा राजनैतिक सोच र क्षमताको अभिवृद्धि गर्न भुमिका निर्वाह गर्ने।

घ) संविधान प्रदत्त महिला अधिकारलाई व्यवहारीक रुपमा महिलाहरुले प्रयोग गर्ने वातावरण मिलाउन दबाव सृजना गर्ने।

ङ) राजनैतिक अधिकारको आन्दोलनमा रहनुभएका महिला अधिकारकर्मीहरुलाई सहयोग प्रदान गर्ने।

च) महिला अधिकार र सशक्तिकरणको लागी आवश्यक योजना निर्माण गर्न टेवा पुर्याउने

छ) नेपाली महिला जनप्रतिनिधी हरूको विगत, वर्तमान र भविष्यको बारेमा वृत्तचित्र तयार पारी प्रेरणादायी कृतीको रुपमा संग्रह गर्नका निम्ति शी लिड्स नामक पुस्तक प्रकाशन गर्ने ।

## ८. कार्यक्रमका फाइदाहरु

यस कार्यक्रमका निम्नलिखित फाइदाहरु हुनेछन्।

क) निर्धारित उदेश्यहरुको परिपूर्ति हुने ।

ख) महिला अधिकारको निम्ति लड्दै आउनुभएको र हाल जनप्रतिनिधी को भूमिकामा रहनुभएका महिलाहरुको विगत र वर्तमानका कार्यहरु व्यवस्थित संग्रह हुने ।

ग) नेपाली महिला जनप्रतिनिधी हरूको कार्यलाई सुचना र प्रविधि मार्फत विश्वभर पुर्याउन सकिने।

घ) महिला जनप्रतिनिधी हरूको बिचमा समन्वय तथा सहकार्य स्थापित गर्न सकिने।

ङ) राजनैतिक क्षेत्रमा महिलाहरुको अभिरुचि तथा सहभागितामा वृद्धि गर्न सकिने।

च) नेपाली महिला जनप्रतिनिधी हरूले हाल कार्यक्षेत्रमा भोग्नुपरेको समस्याको पहिचान गरी समाधानका उपायहरु पत्ता लगाउन सकिने।

छ) सिङ्गो महिला अधिकारको र सशक्तिकरणको लागी आवश्यक बहुआयामिक योगदान दिन सकिने' ।

## ९. कार्यक्रमका सीमा तथा चुनौतिहरु

यस कार्यक्रमको सिमा तथा चुनौतिहरु निम्नलिखित हुन सक्नेछन्।

क) कार्यक्रममा महिला जनप्रतिनिधीहरूको व्यस्त समयलाई व्यवस्थापन गरी सक्रिय सहभागिता जुटाउन ।

ख) महिला जनप्रतिनिधी हरूमा राजनैतिक पुर्वाग्रहको गलत सोच जन्मिन गई दिग्भ्रमित पार्न सक्ने।

ग) देशका कुना कुनामा रहनुभएका महिला अधिकारकर्मीहरुलाई समयमै सम्पर्क तथा समन्वय गर्न प्राविधिक समस्या आउन सक्नु।

घ) सरोकारवाला वा महिला जनप्रतिनिधी रहनुभएका सम्बन्धित निकायमा विविध कारणले सांगठानिक उदाशिनता देखिन सक्नु ।

## १०. कार्यक्रमका समन्वय ईकाइ वा निकायहरु

यस कार्यक्रमले निम्न ईकाइ वा निकायहरु सग समन्वय स्थापित गरी कार्य गर्नेछ।

क) महिला जनप्रतिनिधी हरू रहनु भएको सम्बन्धित कार्यलय वा निकाय वा संस्था ।

ख) सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय र महिला तथा बालबालिका कार्यालय ।

ग) वृत्तचित्र तयार पार्ने प्राविधिक टोली।

घ) सम्बन्धित महिला जनप्रतिनिधी हरूको परिवार, टोल छिमेक साथी समुह आदि ।

ङ) वृत्तचित्र प्रदर्शन गर्ने प्राविधिक समुह र डिजिटल ग्रुपहरु।

च)विज्ञापन दाता, प्रायोजकहरु, स्थानिय तहका सक्रिय सामाजिक संघसंस्थाहरू।

## ११. कार्यक्रमको सामान्य प्रारुप

यस कार्यक्रमको सामान्य प्रारुप वा ढाँचा निम्नानुसार हुनेछन :

क ) सर्वप्रथम आयोजक संस्थाबाट निर्णायक मण्डली वा छनौट समितिको गठन हुनेछ जसको गठन विधि ( अनुसुची -१) मा उल्लेख भएअनुसार हुनेछ ।

ख ) खुल्ला रुपमा महिला जनप्रतिनिधी हरूलाई सहभागिताका लागी आव्हान गरिनेछ र (अनुसुची -२) अनुसारको आवेदन फाराम भराउने छ ।

ग ) संकलन भएका आवेदन फाराम मध्यबाट २७ जनाको सर्ट लिस्ट निर्णायक मण्डलीबाट तय गरिनेछ र छनौट हुनुभएका जनप्रतिनिधी हरू बिच प्रत्यक्ष सम्पर्क कायम हुनेछ ।

घ ) छनौट हुनुभएका जनप्रतिनिधीहरूलाई जनमत मार्फत जनतामा लागिने छ ।जनमत र निर्णायक मण्डलको निर्यण अनुरुप ३ जना आइकनलाई प्रस्तुत गरिनेछ ।

ङ ) विशिष्टिकृत अग्रता को आधारमा ३ शी लिड्स आइकनहरूलाई पुरस्कार तथा सम्मान प्रदान गरिनेछ।

च ) पुरस्कार तथा सम्मान समारोह पुष १९ हुनेछ भने उक्त दिन २७ जना महिला जनप्रतिनिधी, १००+ स्टल पर्दशनी, विभिन्न सहयोगी सहकार्य संस्था/कम्पनि/निकायका स्टल सहितको मेला आयोजना गरिनेछ जस्मा ३०००+ मानिसहरुले अवलोकन गर्नेछन् ।समारोहलाई राष्ट्रिय टेलिभिजनबाट प्रत्यक्ष प्रसारण गरिनेछ ।

छ ) ३ जना आइकनको कार्यस्थलमा पुगी प्राविधिक टोली सहित वृत्तचित्र तयार पारिने छ । यसरी तयार पारिएको वृत्तचित्रलाई सामाजिक सञ्जाल, टेलिभिजन र शी लिड्स फेलोको मदतबाट नेपालमा ५० भन्दा बढी स्थानीय तहमा प्रर्दशन गरिनेछ छ ।

## १२. कार्यक्रमको प्रचार रणनीति

राज्यको मूल नीतिनै राजनीति हो । नेपालमा संघियता पश्चात महिला अधिकारको नाराले सार्थकता पाएको पाइन्छ । तर हामिले चाहेको सशक्तीकरणको आज पनि खाचो छ र महिलामा भएको नवीतम सोच र सु-कर्मलाई दस्तावेज गर्दै विश्व माझ हामीले सुनाउनु छ यो राज्यमा समानता छ यो देशमा करुणा छ र उनी सबल छिन र सक्छिन । महिला स्वास्थ्य, उद्यमशीलता, नीति र न्याय, सशक्तिकरण र जवाफदेहिता विषयमा रुपान्तरणको वहसको सुरुवात हुने विश्वास राखेको छौ ।

**कार्यक्रमलाई फलदायी बनाउनका निम्ति निम्न प्रचारको रणनीति तय गरिएको छ :**

- २७ जना महिला जनप्रतिनिधिहरुको भोगाई, सिकाई र अनुभवलाई शी लिड्स आइकन मार्फत देश दौडाहा नामक भिडियो कार्यक्रम।
- महिला जनप्रतिनिधिको भोगाई, सिकाई र अनुभवलाई सुनाउने विभिन्न कार्यक्रम।
- पत्रकार सम्मेलन कार्यक्रम।
- मिस नेपाल २००५ सुगारिका केसीको आवाजमा भिडियो डकुमेन्ट्री ।
- प्राईम टाइम्स टेलिभिजनमा अन्तर्वार्ता।

## १३. सहकार्य किन ?

**१. महिला सशक्तिकरणमा योगदानः** यो कार्यक्रमले महिला सशक्तिकरणलाई प्राथमिकतामा राख्दै, महिला जनप्रतिनिधिहरूको नेतृत्व र योगदानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पुर्याउने अवसर प्रदान गर्दछ। सहकार्य गरेर, तपाईंले नेपाली महिलाहरूको सामाजिक, आर्थिक, र राजनीतिक उत्थानमा प्रत्यक्ष योगदान दिन सक्नुहुन्छ।

**२. सकारात्मक सामाजिक प्रभावः** सहकार्यले समाजमा सकारात्मक परिवर्तन ल्याउँछ। "शी लिड्स आइकन" जस्ता परियोजनाहरूले महिलाहरूको अधिकार र समानताको पक्षमा ठोस कदम चाल्न प्रेरित गर्छन्। तपाईंको संस्थाले यो अभियानमा सहकार्य गरेर समाजमा दीर्घकालीन प्रभाव पुर्याउने मौका पाउँछ।

**३. उदाहरणीय नेतृत्वको पहिचान र प्रोत्साहनः** महिला जनप्रतिनिधिहरूको संघर्ष र सफलतालाई सम्मान गर्दै, यो कार्यक्रमले नयाँ पुस्तालाई प्रेरित गर्छ। सहकार्य गरेर, तपाईं महिलाहरूलाई नेतृत्वमा प्रोत्साहित गर्ने महत्त्वपूर्ण अभियानमा सहभागी हुन सक्नुहुन्छ।

**४. ब्रान्ड सुदृढीकरण र पहिचानः** यो कार्यक्रमसँग सहकार्य गर्नु भनेको तपाईंको संस्था वा समूहलाई व्यापक पहिचान दिने हो। यसले तपाईंको ब्रान्डको सामाजिक उत्तरदायित्वलाई बलियो बनाउँदै, तपाईंलाई एक जिम्मेवार साझेदारको रूपमा स्थापित गर्न मद्दत गर्छ।

**५. नेटवर्क विस्तार र भविष्यका सम्भावनाहरूः** सहकार्यले तपाईंलाई नयाँ नेटवर्क र साझेदारीको अवसर दिन्छ। यसले तपाईंको संस्था वा समूहलाई आगामी कार्यक्रमहरूमा सहभागी हुन र थप अवसरहरू सिर्जना गर्न सहयोग पुर्याउँछ।

**६. महिला अधिकारको संरक्षणः** महिला अधिकारको संरक्षण र प्रवर्द्धनमा सहकार्य गर्नु भनेको समतामूलक समाज निर्माणको लागि महत्वपूर्ण कदम चाल्नु हो। यो कार्यक्रमले महिला अधिकारलाई सशक्त बनाउँदै, उनीहरूको अधिकारलाई सुनिश्चित गर्न मद्दत गर्छ।

**७. सामुदायिक प्रगति र समृद्धिः** महिला सशक्तिकरणले समाजको प्रगति र समृद्धिमा योगदान पुर्याउँछ। सहकार्य गरेर, तपाईंले समाजमा समावेशी विकासलाई प्रवर्द्धन गर्न र दीर्घकालीन सामाजिक परिवर्तनको लागि योगदान दिन सक्नुहुन्छ।

''शी लिड्स आइकन÷ कार्यक्रममा सहकार्य गर्नु भनेको महिलाको सशक्तिकरण, नेतृत्वको प्रवर्द्धन, र समाजमा सकारात्मक परिवर्तनको लागि महत्वपूर्ण भूमिका खेल्नु हो। यस सहकार्यले तपाईंको संस्था वा समूहलाई न केवल दीर्घकालीन फाइदा पुर्याउँछ, तर समाजमा स्थायी प्रभाव छोड्ने अवसर पनि प्रदान गर्छ।

यो कार्यक्रमले नेपाली महिला जनप्रतिनिधिहरूको योगदानलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा प्रस्तुत गर्दै, तिनीहरूको संघर्ष र सफलतालाई उजागर गर्न मद्दत पुर्याउँछ। सहकार्य मार्फत, तपाईंले नेपाली महिलाहरूको सामाजिक, आर्थिक, र राजनीतिक उत्थानमा प्रत्यक्ष योगदान दिन सक्नुहुन्छ, जसले समाजमा समानता र न्यायको भावना प्रवर्द्धन गर्दछ।

साथै, यस अभियानमा सहभागी हुँदा, तपाईंले तपाईंको संस्था वा समूहलाई सामाजिक उत्तरदायित्वमा अग्रणी बनाउँदै, एक जिम्मेवार र प्रभावकारी साझेदारको रूपमा स्थापित गर्ने मौका पाउनुहुन्छ। यसले तपाईंलाई नयाँ नेटवर्क, साझेदारी, र भविष्यका सम्भावनाहरूको ढोका खोलिदिन्छ, जसले आगामी कार्यक्रमहरूमा तपाईंको सहभागिता र प्रभावलाई अझ बलियो बनाउँछ।

यस महान अभियानमा सहभागी भएर, तपाईंले केवल नेपाली महिला जनप्रतिनिधिहरूलाई विश्वभर चिनाउने काममा योगदान पुर्याउनुहुनेछ मात्र नभई, सम्पूर्ण समाजमा प्रेरणा, साहस, र नेतृत्वको ज्योति प्रज्वलित गर्न मद्दत गर्नुहुनेछ। आउनुहोस्, एकसाथ मिलेर ’शी लिड्स आइकन÷ अभियानमा सहभागी होऔं, र विश्वभरका महिलाहरूलाई बताऔं‘ "उनी सक्छिन् (SHE CAN)।

**आयोजकको परिचय :**

कल्प इम्पावर वेमेन नेपाल हामि सशक्तिकरण गर्छौं भन्ने लक्ष्यका साथ सन् २०२१ सालमा स्थापना भएको युवाहरुको सहभागिता रहेको सामाजिक संस्था हो। राजनीतिमा महिला,महिला स्वास्थ्य, उद्यमशीलता, किशोरी सशक्तिकरणका मुद्दामा वकालत कार्यक्रम तथा अनुसन्धान गर्दै सामाजिक रुपान्तरणमा नयाँ आयाम स्थापना गर्दै छ ।

**कल्पका निम्न कार्यक्रमहरु छन :**

१. राजनीतिमा महिला अन्तर्गत :
  - युवा महिला नेतृत्व शिखर सम्मलेन।
  - राजनीतिमा महिला पुस्तक तथा स्मारिका प्रकाशन र जनप्रतिनिधि संग कार्यक्रम।
  - शी लिड्स आइकन

२. महिला स्वास्थ्य अन्तर्गत :
  - क्यापिएन सी-क्याप(Cervical Cancer Awareness Program) l
  - निःशुल्क स्वास्थ्य शिविर।

३. उद्यमशीलता अन्तर्गत :
  - उद्यमी दिदि

४. किशोरी सशक्तिकरण :
  - उनी सक्छिन (SHE CAN)

**हाल सम्म सम्पन्न गरेका कार्यहरुः**

१. क्यापिएन सी-क्याप(Cervical Cancer Awareness Program) : १५०००+

२. निःशुल्क स्वास्थ्य शिविर : ६ वटा
३. युवा महिला नेतृत्व शिखर सम्मेलन :१ वटा
४. राजनीतिमा महिला स्मारिका :१, जनप्रतिनिधि संग कार्यक्रम :४ वटा
५. उद्यमी दिदि : २ वटा
६. उनी सक्छिन ( SHE CAN) : २ वटा

## १४. **अनुमानित बजेट**

| क.स | विवरण | परिमाण | समय | रकम | जम्मा |
|---|---|---|---|---|---|
| | | | जनशक्ति | | |
| १. | कोर्डिनेटर | १ | ८ महिना | २५००० | २०००00 |
| २. | कार्यालय सचिव | १ | ८ महिना | १०००० | ८०००० |
| ३. | मोबिलाइजर | ३ | ८ महिना | ३००० | ७२००० |
| ४. | सोसियल मिडिया म्यानेजर | १ | ८ महिना | १५००० | १२०००० |
| ५. | भोलेन्टियर | ३ | ८ महिना | ९००० | २१६००० |
| ६. | मिडिया तथा लेख | १ | ८ महिना | ६००० | ४८००० |
| ७. | डिजाइनर | १ | ८ महिना | ४००० | ३२००० |
| | | | | | ७६८००० |
| | | | अफिस | | |
| ८. | भाडा | १ | ८ महिना | ३०००० | २४०००० |
| ९. | बिजुली | १ | ८ महिना | ४००० | ३२००० |
| १०. | पानी | १ | ८ महिना | ४००० | ३२००० |
| ११. | खाजा | १० | ८ महिना | १०००० | ८०००० |
| १२. | प्रिन्ट तथा पेपर | - | ८ महिना | - | २०००० |
| १३. | संचार | १० | ८ महिना | ३९९० | ३१९२० |
| १४. | विविध | - | ६ महिना | - | ५०००० |
| | | | | | ४८५९२० |
| | | | नोमिनेसन | | |
| १५. | यातायात | - | - | - | १२५००० |
| १६. | प्रेस मिट | १ | - | - | ५०००० |
| १७. | बसोबास | - | - | - | ६०००० |
| १८. | बुस्ट | - | - | - | २०००० |
| | | | | | २५५००० |
| | | | सामाग्री निर्माण | | |
| १९. | डकुमेन्ट्री, भिडियो निर्माण | - | - | - | १४००००० |
| २०. | पब्लिक फेस | - | - | - | ५०००० |
| २१. | यातयात | २५ | ५ | १५००० | ३७५००० |

| | | | | | |
|---|---|---|---|---|---|
| २२. | खाना | ४० | ५ | २०० | ४०००० |
| | | | | | १८६५००० |
| | | | जनमत | | |
| २३. | ब्राउसर | ५०००० | - | - | ३०००० |
| २४. | मिडिया | १० | १ दिन | २०००० | २००००० |
| २५. | टिसर्ट | २०० | - | २०० | ४०००० |
| २६. | क्याप | २०० | - | २०० | ४०००० |
| २७. | यातयात | २५ | २ | ६००० | १५०००० |
| | | | | | ४६०००० |
| | | | सम्मान | | |
| २८. | हल | १ | २ दिन | - | २५०००० |
| २९. | स्टेक होल्डर मिटिंग | १ | १ | | ५०००० |
| ३०. | खाना | - | - | - | १७५००० |
| ३१. | बसोबास | - | - | - | १५०००० |
| ३२. | स्टेज साउण्ड एलईडी | - | - | - | २७०००० |
| ३३. | मायाको चिनो,अवार्ड | - | - | - | १५०००० |
| ३४. | स्टेशनरी | - | - | - | ३०००० |
| ३५. | यातायात | ५० | - | - | १२०००० |
| ३६. | विविध | - | - | - | १००००० |
| ३७. | प्रत्यक्ष प्रसारण | - | - | - | २५०००० |
| ३८. | शी लिड्स पुस्तक | १००० | २ महिना | ४१० | ४१०००० |
| | | | | | १९५५००० |
| **जम्मा रु.५७८८९२०/- (सन्ताउन्न लाख अठासी हजार नौ सय विस रुपैयाँ मात्र )** | | | | | |



*तस्विर :वरिष्ठ राजनीतिक नेता र पहिलो महिला मुख्यमन्त्री अष्टलक्ष्मी शाक्य, मिडिया ९ की सम्पादक चारु चड्ढा, र लैङ्गिक तथा विकास विशेषज्ञ शारु जोशी श्रेष्ठ सहित आयोजक*

Kalpa

Where we empower...

## कल्प के हो?

"हामी महिला सशक्तिकरण गर्छौं" भन्ने परिकल्पनाले विक्रम संवत २०७९ मा अधिकारिक रूपमा दर्ता भएको कल्प इम्पावर वेमेन नेपाल एक सामाजिक संस्था हो।

कल्प नामबाट अभियानका रूपमा विक्रम संवत २०७८ देखि संचालनमा आएको कल्प समुहले विक्रम संवत २०७९ मा आएर संस्थागत रूप लियो।

महिला स्वास्थ्य, महिला उद्यमशिलता, किशोरी शशक्तिकरण र राजनीतिमा महिला विषयमा कार्यक्रम तथा वकालत गर्दै अईहिको कल्प इम्पावर वेमेन नेपाल नाफा वितरण नगर्ने कम्पनीका रूपमा कम्पनी रजिष्ट्रार कार्यालयमा २९९३३३ दर्ता नम्बर रहेको र ६१०३६९४३६ पान नं. रहेको छ। संस्थाको प्रधान कार्यालय इटहरी उपमहानगरपालिका वडा-४, सुनसरीमा रहेको छ।

## हाम्रा साझा विश्वास :

क. हामी हाम्रा कर्ममा विश्वास गर्छौं र हामीलाई थाहा छ, कर्मबाटै महिला सशक्तिकरण सम्भव छ ।

ख. राजनीतिमा महिला र उद्यममा महिला विषयमा सार्वजनिक बहसको जरूरी छ ।

## हाम्रा कार्यक्रमहरू :

कल्प इम्पावर वेमेन नेपालले स्थापनाकाल देखि हरेक बर्ष किशोरी तथा महिलाका लागि हामी महिला सशक्तिकरण गर्छौं । परिकल्पना पुरा गर्ने केहि कार्यक्रम यस प्रकार रहेका छन ।

* क्यापिएन सी-क्याप
* उद्यमी दिदी
* उनी सक्छिन्
* राजनीतिमा महिला
* नेतृत्व शिखर सम्मलेन

connectkalpa@gmail.com | +977 982-0150190 | www.kalpanepal.org




जिल्ला अस्पताल भोजपुर
DISTRICT HOSPITAL BHOJPUR
Kalpa






श्री शिक्षानिकेतन
प्राविधिक प्रयोगशाला
(CIVIL ENGINEERING)
BOY'S TOILET


CAMPAIGN C-C:P


MANORAMA
KOIRALA
CAMPAIGN C-C:P


Kalpa
YOUNG WOMEN
LEADERSHIP SUMMIT
DEBATE, DISCUSS, DELIBERATE
November 23, 24 & 25
वा महिला नेतृत्व शिखर सम्मेलन
GRADAY


23, 24 & 25
त्व शिखर


विराटनगर महानगरपालिका
समन्व


Kalpa
YOUNG WOMEN
LEADERSHIP SUMMIT
Kalpa
युवा महिला नेतृत्व शिखर सम्मेलन


YOUNG WOMEN
Kalpa

Kalpa


YOUNG WOMEN
LEADERSHIP SUMMIT
November 23, 24 & 25
महिला नेतृत्व शिखर

Kalpa
शिखर सम्मेलन

महिला नेतृत्व शिखर सम्मेलन




एक०बा स्वास्थ्य चौकी इटहरी-१८, सुनसरीमा
तपाईहरुलाई हार्दिक स्वागत छ ।